**Prāgyik Prabhā**Vol. 12, No. 1: 91-104, August, 2024 Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
**DOI: https://doi.org/10.3126/pp.v12i1.69986**

# *खलंगामा हमला* आत्मकथामा अभिघात

***डा. टंकप्रसाद पन्थ***
*tankapanth12@gmail.com*
*उपप्राध्यापक, नेपाली*
*त्रिभुवन विश्वविद्यालय, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 15 March 2024; Reviewed 20 June 2024; Revised 12 July 2024; Accepted 28 August 2024*

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक लेख खलंगामा हमला आत्मकथाको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत आत्मकथाका लेखक राधा पौडेल हुन् । यस कृतिमा सीमान्तीय अवस्था भोग्न विवश जुम्लाको जनजीवन र सशस्त्र सङ्घर्षको आक्रमणमा क्षतिग्रस्त भएको खलंगाको अवस्थालाई सूक्ष्म रूपमा प्रकाश पारिएको छ । जुम्लीहरूको अशिक्षा, गरिबी र प्रतिकूल जीवनको चित्रणका साथमा युद्धका कारण शारीरिक तथा मानसिक रूपमा भयभीत बनेका मानिसहरूको मनोदशा र पीडाको मार्मिक चित्रण गरिएको पाइन्छ । युद्धजन्य प्रहार तथा भोक, रोग र गरिबीको मारमा परेका मानिसहरूले अभिघातपूर्ण जीवन भोगेको कुरालाई महत्त्वका साथ प्रकाश पार्ने काम गरिएको पाइन्छ । प्रस्तुत लेखमा पाश्चात्य साहित्य समालोचनामा उत्तरआधुनिक कालखण्डमा विकास भएको अभिघात सिद्धान्तका आधारमा राधा पौडेलको खलंगामा हमला कृतिलाई विश्लेषण गर्ने काम गरिएको छ । अभिघातको आधारभूत मान्यतालाई सैद्धान्तिक पर्याधारका रूपमा उठान गरी त्यसैका आधारमा शोध्य कृतिको विश्लेषण गरिएको छ । यस क्रममा खलंगामा हमला कृतिमा अभिघातको प्रयोग कसरी भएको छ ? भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही प्रस्तुत आत्मकथालाई अभिघातको सैद्धान्तिक पर्याधारका पृष्ठभूमिमा विश्लेषण गरी कृतिको मूल्यनिरूपण गरिएको छ । प्रस्तुत लेखमा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । वर्णनात्मक तथा विवरणात्मक विधिद्वारा सामग्रीको विश्लेषण गरिएको छ । प्रथम र द्वितीयक स्रोतका सामग्रीको उपयोग तथा अभिघातसम्बन्धी अवधारणालाई सैद्धान्तिक पर्याधारका रूपमा अवलम्बन गरी कृतिमा निहित अभिघातलाई खोजी गरी निष्कर्ष निकाल्ने काम यस लेखमा गरिएको छ ।*

***शब्दकुञ्जी :*** *दु:सह्य, नाइटभिजन, महाविनाश, विक्षिप्तता, सशस्त्र सङ्घर्ष ।*

## विषयपरिचय

राधा पौडेलद्वारा लिखित *खलंगामा हमला* आत्मकथा हो । एउटा स्वास्थ्यकर्मी नर्सको अनुभव र जीवनसम्बन्धी मान्यतालाई उक्त कृतिमा प्रकाश पारिएको छ । चितवनमा जन्मेर सामुदायिक स्वास्थ्य

विषयमा स्नातकोत्तर गरेकी राधा पौडेल स्वयंको आत्मकथा उतारिएको कृति हो । आफू बालक छँदा बाबाको मुखबाट 'हामीभन्दा कर्णालीका मानिसहरू गरिब छन्' भन्ने कुरा सुनेकी राधाको भित्री मनमा कर्णालीमै गएर सेवा गरी त्यहाँको वास्तवितालाई बुझ्ने अठोट लिएको पाइन्छ । २०५८ सालको असारमा जम्ला पुगेकी राधाले जुम्लीहरूको अशिक्षा, गरिबी र पछौटे अवस्थालाई नजिकबाट नियाल्न पुगेकी छन् । यिनको *खलंगामा हमला* कृतिले मदन पुरस्कारसमेत प्राप्त गरेको हो । उक्त कृतिमा नेपालको दश बर्से सशस्त्र सङ्घर्ष र त्यसले आम जनतामा पारेको असरलाई एउटा प्रतिनिधिमूलक दृष्टान्तका रूपमा प्रस्तुत गरिएको छ । आफ्नो विपन्न पारिवारिक अवस्थाको बोध गरेकी राधाले आफ्ना बुबासँग 'बा हामी कति गरिब ?' भन्ने प्रश्न गर्दा बाबाको 'हामीभन्दा गरिब त जुम्लामा बस्छन्' भन्ने कुराले म पात्रमा आश्चर्य भाव प्रकट हुन्छ । तिमीले धेरै पढेर जुम्लाका गरिबहरूको सेवा गर्नुपर्छ है भन्ने बाबाको भनाइले म पात्रमा गहिरो छाप छाड्दछ । सोहीअनुरूप उनले जुम्लालाई कार्यक्षेत्र बनाउने निर्णय लिएको पाइन्छ । डायरीका शैलीमा लेखिएको प्रस्तुत कृतिमा तिथिमिति र घटनाक्रमलाई शृङ्खलित रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

२०५९ सालकार्तिक २८ गते जुम्लाको सदरमुकाम खलंगामा माओवादीले भीषण आक्रमण गरेको र त्यस आक्रमणमा परी ज्यान गुमाएका, घाइते भएका र मानसिक रूपमा त्रास भोगेका मानिसहरूको अवस्थालाई नजिकबाट नियालेर प्रस्तुत गरिएको पाइन्छ । कृतिपढ्दै जाँदा म पात्रभित्रको साहस र सामर्थ्यको पाटो पनि अध्ययन गर्न सकिन्छ । यस कृतिमा युद्धको परिवेश, भयमा बाँचेका जनताको मानसिकता, सरकारी कर्मचारी र सुरक्षामा खटिएका मानिसहरूको नियतिलाई राम्ररी छाम्ने काम गरिएको पाइन्छ । यसैलाई आधार मानी *खलंगामा हमला* कृतिमा अभिघातको के कस्तो रूपमा प्रयोग भएको छ ? भन्ने प्राज्ञिक प्रश्न नै प्रस्तुत लेखको मूल समस्या हो । यही समस्यामा केन्द्रित रहेर शोध्य कृतिको पाठ विश्लेषण गरी निष्कर्ष निकाल्ने काम यस लेखमा गरिएको छ । *खलंगामा हमला* कृतिमाथि अभिघातका पक्षबाट अध्ययन नभएकाले उक्त प्राज्ञिक रिक्ततालाई पूर्णता दिनु प्रस्तुत लेखको उद्देश्य रहेको छ । अभिघात सिद्धान्तको परिचयात्मक सन्दर्भ उठाई शोध्य कृतिमा प्रस्तुत अभिघातका सन्दर्भहरूलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

राधा पौडेलद्वारा लिखित खलंगामा हमला आत्मकथामा प्रस्तुत भएको अभिघातको सन्दर्भलाई खोजी गरी विश्लेषण र मूल्याङ्कन गर्ने कार्यमा यो अध्ययन केन्द्रित रहेको छ । यस क्रममा पौडेलको *खलङ्गामा हमला* (२०७०) आत्मकथालाई प्राथमिक स्रोतअन्तर्गतको आधार सामग्रीका रूपमा सङ्कलन गरिएको छ । अभिघातको सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयको उपयोग गरी द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीलाई आधार बनाई पाठविश्लेषण विधिका आधारमा समस्याको सम्यक समाधानको खोजी गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । यो अनुसन्धान गुणात्मक र विश्लेषणात्मक प्रकृतिको रहेको छ ।

## अभिघातको सैद्धान्तिक परिचय

'घात' शब्दमा अभि उपसर्ग लागेर अभिघात शब्दको व्युत्पत्ति भएको हो । यसको शाब्दिक अर्थ कुनै प्रहारबाट लाग्ने चोट वा मानसिक पीडा भन्ने हुन्छ । युद्धजन्य मानसिक पीडा र सन्त्रासको चरम स्थितिलाई अभिघात भनिन्छ । विशेषतः युद्धसाहित्यलाई विश्लेषण गर्ने सिद्धान्त नै अभिघात सिद्धान्त हो (

गौतम, २०६६, पृ. ५५) । युद्धको प्रहारले जन्माएको पीडाको अभिव्यक्तिलाई यस सिद्धान्तले विशेष महत्त्व दिएको पाइन्छ । यो मूलतः द्वितीय विश्वयुद्धपछि विकास भएको सिर्जना तथा समालोचनाको सशक्त अभियान हो । अभिघात सिद्धान्तलाई अङ्ग्रेजीमा ट्रौमा थ्योरी भनिन्छ । युद्धजन्य भौतिक, अभौतिक तथा मानसिक पीडा र सन्त्रासको चरम स्थिति अभिघात हो र यस्तो अभिघात अभिव्यञ्जित भएको साहित्यलाई विश्लेषण गर्ने काम अभिघात सिद्धान्तले गर्छ (गौतम, २०६७, पृ. ३९१) । अभिघात शब्द पहिलेदेखि नै प्रयोगमा आएको भए तापनि बीसौँ शताब्दीमा आएर यसको ज्यादा प्रयोग भएको पाइन्छ । 'पहिलो र विशेष गरी दोस्रो विश्वयुद्धका कारण मानिसले भोग्नुपरेका विकराल घातक ध्वस्तताले मान्छेका मानवीय मूल्यलाई क्षतविक्षत बनाइदियो । युद्धका अनेक रूप र तिनबाट जन्मिने प्रतिक्रिया पनि मान्छेले व्यहोर्नुपरेको आजको यथार्थ हो' (सुवेदी, २०६८, पृ. ८१) । मानिस भौतिक र मानसिक रूपमा भयभीत भएको अवस्थालाई अभिघात सिद्धान्तले विश्लेषण गर्दछ । पाश्चात्य साहित्यबाट विकास भएको यस सिद्धान्तले नेपाली साहित्य समालोचनामा पनि लोकप्रियता प्राप्त गर्दै गएको छ । अभिघात आन्तरिक पनि हुन्छ र बाह्य पनि हुन्छ । आन्तरिक अभिघात आफ्नै घरपरिवार र आफन्तको चरम सङ्कटका कारण लाग्छ भने बाह्य अभिघात कुनै पनि युद्ध, महाविनाश, नृशंशकृत्य आदिका कारण लाग्छ । व्यक्तिका लागि दुवैथरी अभिघात उत्तिकै भयावह, विध्वंशकारी, दुस्सह्य र मर्मभेदी हुन्छ (शर्मा, २०६६, पृ. ६२) । अभिघात यस्तो पीडाको घाउ हो यसले मानव मनमा गहिरो चोट पार्दछ । मानिसको पीडाको पाटोलाई यसले विश्लेषण गर्दछ ।

संसारमा भएका युद्ध तथा हिंसात्मक कार्यले अभिघातलाई बढाउने काम गर्दछन् । मानिसका जीवनमा अनेक प्रकारका घातप्रतिघात आइलाग्छन् । तिनले मानव मनमा भय, आतङ्क, त्रास र प्रहारबाट आक्रान्त भई उसका मनमा गहिरो चोट पर्न जान्छ । यो एक प्रकारको मानसिक आघात हो (पन्थ, २०७७, पृ. ९३) । मानसिक रूपमा यो निकै संवेदनशील हुन्छ । साहित्यको सन्दर्भमा मानसिक विक्षिप्तता र त्रासलाई अभिघातका रूपमा लिने गरिएको छ । विश्वका धेरै मानिसहरूले एकै समयमा अनुभूत गरेको सङ्घात विश्वयुद्ध भएको र त्यसलाई साहित्यमा अत्यधिक रूपले उतारिएकाले पनि अन्य अभिघातका तुलनामा द्वन्द्व र युद्धजन्य अभिघात बढी विस्तारित र परिचित भएको देखिन्छ (पौड्याल, २०७०, पृ. १२३) । मानिसले विभिन्न कारणबाट प्रहार भोग्छ तर अभिघात मूलतः युद्धजन्य प्रहारका निकट रहेको पाइन्छ । नेपालको सन्दर्भमा कुरा गर्दा समाजमा विद्यमान विभेदलाई अन्त्य गर्ने नाममा हिंसाको वातावरण निर्माण हुँदै गयो । सामाजिक संरचनाभित्रै हिंसाको सिद्धान्त पनि मौलाउँदै गयो । माओवादीले उक्त हिंसाको सिद्धान्तलाई अन्त्य गर्ने नाममा हिंसाकै युद्धप्रारम्भ गऱ्यो । उक्त हिंसासँग भिड्न राज्यले माओवादीविरुद्ध सेना र प्रहरी परिचालन गर्दै नयाँ हिंसाको सुरुवात गऱ्यो (उप्रती, २०६८, पृ. ३११) । यस प्रकारको द्वन्द्वको चपेटामा आमनागरिक पर्न गए । यिनै पीडालाई लेखक साहित्यकारहरूले कृतिमा उतार्न पुगे ।

अभिघात साहित्यका विभिन्न विधामा प्रयोग भएको पाइन्छ । नेपाली आख्यान तथा कवितामा अभिघातको ज्यादाप्रयोग भएको देख्न सकिन्छ । अभिघात वा द्वन्द्वपीडासँग सम्बद्ध वा तिनलाई अन्तर्वस्तु बनाएर साहित्य लेखिएको पाइन्छ । महाभारतकालीन युद्ध, प्रथम विश्वयुद्ध, द्वितीय विश्वयुद्ध र विभिन्न मुलुकका आन्तरिक युद्ध आदिबाट तत्तत् क्षेत्रका जनजीवनले भोगेका आहतलाई यस्ता कथामा मूल अन्तर्वस्तु बनाइन्छ । वर्तमानमा भने यो युद्धसँग सम्बद्ध छ (गौतम र अधिकारी, २०६९, पृ. २५) । द्वन्द्वले गाँजेका घटना र तीबाट प्रताडित बनेका मानसिकताको अभिव्यक्तिलाई अभिघातका माध्यमबाट अध्ययन गर्न सकिन्छ । नेपाली साहित्यको ऐतिहासिक अध्ययन गर्दा अभिघातजन्य सन्दर्भ र परिस्थितिहरू प्राथमिक

कालदेखि नै भेटाउन सकिन्छ । तर मूलभूत रूपमा भने सशस्त्रद्वन्द्वको समयपछिका साहित्यिक कृतिमा स्पष्ट रूपमा अभिघातका अभिलक्षणहरू फेलापार्न सकिन्छ (पन्थ, २०७९, पृ. १२८) । वर्तमान समयमा पनि केही युद्धजन्य अवशेष र दैवी तथा प्राकृतिक विपत्तिद्वारा अभिघात भोग्न विवश मानिसको अवस्थालाई प्रकाश पारिएको पाइन्छ ।

## छलफल तथा नतिजा

राधा पौडेलको *खलंगामा हमला* (२०७०) दैनिकीको शैलीमा लेखिएको आत्मकथा हो । लेखकको बाल्यकालीन झलक, पारिवारिक पृष्ठभूमि, अध्ययनको अवस्था, जन्मस्थान चितवनको परिवेश, काठमाडौँका केही झलकहरूका साथै जुम्लामा ज्यादा केन्द्रित गरी यस कृतिको रचना भएको छ । जुम्लाको विकट भौगोलिक अवस्था, सामाजिक परिवेश, आर्थिक अवस्था, सांस्कृतिक विश्वास आदिजस्ता कुराहरूलाई महत्त्वका साथ कृतिमा प्रस्तुत गरिएको पाइन्छ । २०५९ साल कार्तिक २८ गते तत्कालीन विद्रोही माओवादीद्वारा जुम्लाको सदरमुकाम खलंगामा गरिएको भीषण आक्रमण र त्यसबाट प्रताडित बनेको जनजीवनको यथार्थ मर्मलाई प्रकाश पार्ने काम यसमा गरिएको छ । आरम्भ र अन्त्यसहितका एघारवटा शीर्षकमा उक्त कृतिको संरचना निर्माण भएको पाइन्छ । कृतिमा लेखक बाँचेको समय र परिवेशका विविध पाटाहरू समेटिएर आएको पाइन्छ । तीमध्ये द्वन्द्वको सन्त्राससमय वातावरणबाट आक्रान्त भएका मानिसहरूको मनलाई राम्ररी छाम्ने काम गरिएको छ । यसैगरी सरकारी कर्मचारीको मानसिकतालाई सूक्ष्म रूपमा केलाई दुर्गम ठाउँको वास्तविक पीडालाई व्यक्त गरिएको पाइन्छ । सरकारी र माओवादी दुवै पक्षको तारो बनेर काम गर्नुपर्दाको संशयपूर्ण पीडालाई सान्दर्भिक रूपमा प्रस्तुत गरिएको छ । जुम्लाको पीडा र नियतिलाई पनि कृतिमा मसिनो गरी प्रकाश पारिएको छ । द्वन्द्वकालीन समयमा द्वन्द्वग्रस्त क्षेत्रमा जान डराउने मात्र नभई जानखोज्ने मानिसलाई पनि हतोत्साहित गराउने कर्मचारीहरूको मानसिकतालाई यथार्थ रूपमा देखाइएको छ । खलंगामा आक्रमण हुँदाको रात्रिकालीन त्रासदीय अवस्थालाई अध्ययन गर्दा आत्मकथामा अभिघातको जीवन्त प्रस्तुति भएको पाइन्छ । युद्धको सन्त्रस्त परिवेश तथा भयभीत मानसिकतालाई राम्रोसँग प्रस्तुत गरिएकाले यस कृतिमा अभिघात झल्किने सन्दर्भहरू बाक्लै रहेको पाइन्छ । युद्ध कसैका लागि पनि रुचिको विषय होइन । युद्धको मारमा परेर निहत्था जनता मर्नु र मारिनुको क्षति अपूरणीय रहेको छ । नेपालको दश बर्से सशस्त्र सङ्घर्षको दोहोरो मारमा परेका साधारण जनताको मनोविज्ञानलाई राम्ररी छाम्ने काम गरिएको पाइन्छ । तत्कालीन समयमा विविध क्षेत्रका मानिसहरू युद्धको प्रहारबाट प्रताडित र भयभीत भएकाले प्रस्तुत कृतिमा अभिघात प्रभावशाली बनेर आएको पाइन्छ । लेखकको परिवार, कर्मचारी, खलंगाका साधारण जनता, सैनिक तथा माओवादीसमेत त्रासदीपूर्ण अवस्था झेल्न बाध्य पारिएको कुरालाई लेखकले प्रस्तुत कृतिमा समेटेकी छन् । उक्त युद्धबाट अभिघातित बन्न पुगेका विभिन्न क्षेत्रका व्यक्तिहरूको अवस्थालाई निम्नलिखित रूपमा प्रकाश पारिएको छ :

### परिवारले भोगेको अभिघात

खलंगामा भएको हमलाको प्रभाव लेखक राधा पौडेलको परिवारमा पर्न गएको पाइन्छ । यस कृतिकी लेखक राधा पौडेल स्वइच्छा र निर्णयले द्वन्द्वग्रस्त जुम्लामा सेवा गर्न गएकी हुन् । उनी त्यहाँ जाने समयमा सिङ्गो कर्णाली क्षेत्रमा द्वन्द्वको आगो सल्किएको अवस्था रहेको कुरा पाठकले अनुभव गर्दछ । कुनै पनि कर्मचारी जुम्लामा जान नचाहने र गए पनि तल्लो श्रेणीका कर्मचारीलाई निमित्त थमाएर जिल्लाबाहिर बस्ने अवस्था रहेको कुरा उल्लेख हुनुले भय र सन्त्रासको मानसिकतालाई बुझ्न सकिन्छ । युद्ध र

आतङ्कको परिस्थितिबाट सबै मानिसमा डर, त्रास फैलिएको कुरा पनि उल्लेख गरिएको छ । लेखक राधा पौडेलका बाबा, आमा, दिदी-बहिनीलाई उनको कार्यक्षेत्रको सङ्कटग्रस्त अवस्था र त्यहाँ भएको आक्रमणले त्रसित बनाएको पाइन्छ । द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्न जाने भन्ने कुराले नै परिवारका सदस्यहरूमा आशङ्का जन्मेको देख्न सकिन्छ । मपात्रका बाबुआमा तथा दिदीबहिनीले त्यस्तो ठाउँमा नजान आग्रह गरेको सन्दर्भ अनि उनी खलङ्गाको हमलापछि घरमा फर्केर आउँदा भावविह्वल भएका परिवारको अवस्थालाई हेर्दा लेखकको परिवार आघातित बनेको देखिन्छ । आफ्नी छोरीको अवस्थाले उनीहरूलाई पिरोलेको देख्न सकिन्छ । मपात्रका साथीहरूमा भएको त्रासको अवस्थालाई कृतिमा यसरी व्यक्त गरिएको छ :

> अफिसका साथीहरू एयरपोर्टमै लिन आएका थिए । मलाई जिउँदै देखेर सबै खुसी भए । सरस्वती क्षेत्री दिदीले त देख्नेबित्तिकै गम्लंग अंगालो हाल्नुभयो । आँसु थाम्नै सक्नुभएन । कोठाबाट बाहिर भक्कानिँदै रुन थाल्नुभयो । उहाँ निकै नरम स्वभावको हुनुहुन्छ । जुम्ला जानुअघि केही समय काठमाडौं अफिसमा काम गर्दा गाँसिएका थियौँ हामी । (पौडेल, २०७०, पृ. ११०)

शुभेच्छुकहरूमा बढेको आशंका तथा त्यस्तो भयगस्त क्षेत्रबाट सकुशल आएको देखेर भक्कानो छुटेको यथार्थलाई प्रकाश पारिएको छ । लेखककी दिदी बढी भयभीत भएको अवस्था देख्न सकिन्छ । दिदीले भक्कानो छाडेर रोएको अवस्थालाई हेर्दा उनी ज्यादा रूपमा आघातित भएको कुरा स्पष्ट हुन्छ । लेखक जुम्लाबाट फर्केपछि दिदीभित्र छुटेको भक्कानोलाई यसरी प्रस्तुत गरिएको छ :

> म नजिक पुग्न नपाउँदै दिदी झम्टिन आउनुभयो । र, दुवै हातले मेरो टाउको अँठ्याएर धरधर्ती रुन थाल्नुभयो ।
>
> निकै बेर अँठ्याइ रहनुभयो । निकै बेर धरधर्ती रोइरहनुभयो ।
>
> मानौं मलाई कसैले टपक्क टिपेर लाँदै छ । उहाँ च्याप्प समातेर रुन खोज्दै हुनुहुन्छ । (पौडेल, २०७०, पृ. ११२)

कुनै पनि द्वन्द्व वा त्यसको समाचारले मानिसलाई पिरोल्नु स्वाभाविक हो, जुन कुराको अनुभूति दिदीले गरेको देख्न सकिन्छ । लेखकका बाबाको अवस्थालाई हेर्दा उनी पनि अभिघातित पात्रका रूपमा देखिन्छन् । भित्र मर्ममा चोट परेको अवस्था उनका व्यवहारले देखाएको पाइन्छ । छोरीलाई जिउँदो अवस्थामा देख्दासमेत पत्यार नलागेर स्पर्श गरिरहनुमा भित्र मर्ममा चोट भएर देखाएको प्रतिक्रियाका रूपमा लिन सकिन्छ । बाबाको पीडालाई यसरी देखाइएको छ :

> बा' अलिबढी नै न्यास्रिनु भएको रहेछ । राति अबेरसम्म मेरै छेउमा बसिरहनुभयो । मलाई एक सेकेन्ड छाड्नुभएन । बोल्न पनि सक्नुभएन । खालि मलाई हेरिरहने । सुम्सुम्याइरहने । सायद उहाँका आँखालाई विश्वास भइरहेको थिएन, म जिउँदै छु भनेर । उहाँ ढुक्क हुन खोज्दै हुनुहुन्थ्यो, मलाई छोएर । आँखा झिमिक्क नगरी मेरो एकएक सास गनेर । (पौडेल, २०७०, पृ. ११४)

बाबा, आमा, दिदी र साथीहरूको अवस्था र व्यवहारलाई हेर्दा युद्ध र त्यसले फैलाएको भयबाट उनीहरू ज्यादा खिन्न र पीडित देखिएका छन् । बाबाका व्यवहारलाई हेर्दा उनीभित्र जमेको गहिरो पीडाका कारण केही असहज व्यवहार देखिएको छ ।

**लेखकले भोगेको अभिघात**

यस आत्मकथाकी प्रमुख पात्र स्वयं लेखक रहेकी छन् । उनी द्वन्द्वग्रस्त क्षेत्र जुम्लालाई कार्यक्षेत्र बनाएर सामाजिक सेवा गर्न उत्सुक देखिएकी छन् । उनले युद्धलाई प्रत्यक्ष रूपमा भोगेकी छन् । युद्धको समयको भयभीत मनोदशाको पनि राम्रो विश्लेषण गरिएको छ । द्वन्द्वको भुङ्ग्रोमा जान लागेकी भनेर साथीहरू र परिवारबाट विमति प्रकट हुन्छ । परिवार र साथीहरूका विविध प्रतिक्रियालाई झेलेरै उनी जुम्ला पुग्छिन् । जुम्लाको जनजीवनको वास्तविकताले उनलाई चिन्तित बनाएको पाइन्छ । सरकारी तथा विकासे संस्थाहरूको प्रवृत्ति र मनोवृत्तिलाई उनले राम्ररी छामेको देखिन्छ । खलंगामा भएको हमलालाई प्रत्यक्ष भोगेकी उनलाई आफैमा अभिघातित भएको देख्न सकिन्छ । खलंगामा आक्रमण हुने कुराको सनसनीपूर्ण प्रचार, आक्रमणको त्रासदीय परिवेश तथा आक्रमणपछिको सन्नाटापूर्ण अवस्थाबाट लेखक निकै मर्माहत भएको देख्न सकिन्छ । एउटा व्यक्तिले साक्षात भोगेको आत्मगाथा यहाँ प्रस्तुत गरिएको छ । यसक्रममा उनले ठाउँठाउँमा अभिघातको अनुभूति गरेको अवस्था देख्न सकिन्छ, जुन यसरी प्रस्तुत भएको देखिन्छ :

> कहिले बंकर खनिरहेको हल्ला आउँथ्यो । कहिले माओवादी फौज तातोपानीसम्मै आइपुगिसक्यो भन्ने सुनिन्थ्यो ।
>
> यस्तो लाग्थ्यो खलंगा बजारमा बसिरहेका हामी सबै आगोको भुङ्ग्रोमाथि छौँ । एकएक सास गनिरहेका छौँ । एकएक ढुकढुकी नापिरहेका छौँ । एकचोटि मर्न बरु सजिलो हुन्छ होला । पलपल मर्न निकै गाह्रो हुँदो रहेछ । (पौडेल, २०७०, पृ. ४९)

सशस्त्र द्वन्द्वको समयमा मानिसहरू भय र आशंकाले पलपलमा मरेको वास्तविकतालाई चित्रण गरिएको छ । माओवादी आक्रमणको समयमा भएको भयभीत अवस्था र त्रासलाई यस कृतिमा राम्ररी विश्लेषण गरिएको छ । युद्धको परिवेशको जीवन्त झलक तथा त्यस क्षणमा भोगिएको अनुभूति र सबै क्षेत्रका मानिसहरूको मनोदशाको प्रस्तुति पनि सजीव रूपमा भएको पाइन्छ ।

> आवाजसँगै थर्र घर थर्क्यो वा छेउछाउका डाँडाकाँडै पहिरो गएजस्तो भयो भने लन्चर हानेको थाहा हुन्थ्यो । पहिलोचोटि आवाज आएपछि एकछिन डरले कालोनिलो हुन्थ्यौँ । त्यसपछि त फेरि अर्को आवाज कहिले आउला भनेर कुरी बस्थ्यौँ । कहिलेकाँही घरबाहिर छौँ भने खुर्र कुदेर भित्र छिर्थ्यौँ र कान ठाडा पारेर आवाज सुन्न थाल्थ्यौँ । (पौडेल, २०७०, पृ. ५२)

लेखक स्वयंले भोगेको त्रासदीय क्षण र अनुभूतिलाई व्यक्त गर्ने क्रममा लेखक स्वयं अभिघातको सिकार भएको मर्मलाई पढ्न सकिन्छ । घर परिवारबाट टाढा जुम्लामा एक्लै बसेको र आक्रमणको त्रास भोगेको अवस्थामा मनमा उब्जेका अनुभूति यसरी व्यक्त भएको पाइन्छ :

> आमालाई सुख दिन सकिन भन्ने तर्कनाले मेरा आँखा रसाए । दिदीबहिनीलाई सम्झेँ । भाइलाई सम्झेँ । अहिले सबै सुतिसके होलान् । भोलि बिहान जुम्लाको खबर थाहा पाउने छन् । त्यति बेलासम्म एउटा पार लागिसक्ला ! सास रहे फोन गरुँला । नभए यो जन्ममा यत्ति नै भयो । आमाको भार एक अंश नतिरी मर्नेभइयो । (पौडेल, २०७०, पृ. ६८)

भयको समयमा मानिसले धेरै कुरा सम्भन्छ । मनमा सबै करा खेल्न पुग्छन् भन्ने साक्ष्य यहाँ प्रस्तुत गरिएको छ । युद्धका समयमा लेखकलाई पनि त्यस्तै भएको छ । अदबसाथ समय बिताउनुपर्दाको हैरानी स्वाभाविक रूपमा अभिव्यक्त भएको छ । "समय बिताउन साह्रै गाह्रो भइरहेको थियो । सिरकभित्रै लाइट बालेर घडी हेरेँ । भर्खर पौने ११ बजेको रहेछ । जतिचोटि घडी हेर्दा पनि मिनेटभन्दा बढी समय फड्किने होइन । एक-एक सेकेन्ड एक-एक जुनी बराबर कटिरहेको थियो" (पौडेल, २०७०, पृ. ६८) । डरले आकुल व्याकुल भएको समयमा सेकेन्ड र मिनेट पनि पट्यारलाग्दो हुने अवस्थाको अभिव्यक्ति यहाँ व्यक्त भएको छ । राधा पौडेल स्वयंभित्र निहित त्रासको अवस्था आत्मकथामा सजीव रूपमा आएको देख्न सकिन्छ ।

## जनताले भोगेको अभिघात

सशस्त्र सङ्घर्षबाट नेपाली जनता प्रताडित भएको अवस्थालाई कृतिमा देखाइएको छ । द्वन्द्वका समयमा सरकार र माओवादीबाट दोहोरो चेपुवामा परेका जनताहरूले सधैँ त्रासमा जीवन बिताउनुपरेको कुरालाई लेखकले मसिनो गरी चित्रण गरेकी छन् । कामको सिलसिलामा गाउँबाट सहरतिर जाँदा सैनिक तथा प्रहरीको आँखी बन्नुपर्ने अनि सहरबाट गाउँतिर जाँदा माओवादीको शंकाका घेरामा पर्नुपर्ने अवस्थाबाट जनजीवन भयभीत बनेको कुरालाई प्रकाश पारिएको छ । गरिखाने आम जनता अभिघातित भएर बाँच्नुपरेको अवस्थालाई लेखकले महत्त्वका साथ उल्लेख गरेको पाइन्छ । दोहोर चेपुवामा परेर बाँच्न विवश जनताको अवस्थालाई यसरी उल्लेख गरिएको छ :

> हुन पनि सदरमुकाम आउनुछ भने विदेश जाँदा भिसा लिएजस्तो माओवादीसँग अनुमतिपत्र लिनुपर्थ्यो । केही गरेर त्यो पत्र सुरक्षा निकायको हात परे एउटा यस्तो सरकारी गोलचक्करमा फसिन्थ्यो, जसको कुनै निकास हुँदैनथ्यो । सुरक्षा निकायले सुराकी गर्न आएको शंकामा तुरुन्तै पक्राउ गरिहाल्थ्यो । (पौडेल, २०७०, पृ. ४७)

जतातते डर र भयको जीवन भोग्न विवश जनताको यथार्थ अवस्थालाई प्रकाश पारिएको छ । मानिसभित्रको संशय र मनोआतङ्कलाई पनि विश्लेषण गरिएको छ । कहाँ कसरी फन्दामा परिन्छ भन्ने कुराले आम जनतालाई सताउने कुरालाई लेखकले सूक्ष्म रूपमा प्रकाश पारेकी छन् । नेपाली जनताले डराएर फुकीफुकी पाइला चाल्नुपरेको अवस्थालाई आत्मकथामा सजीव रूपमा चित्रण गरिएको पाइन्छ । जनतालाई भएको सास्ती र पीडालाई यसरी व्यक्त गरिएको छ :

> दुईचार जना सँगै हिँड्न वा भेला हुन त प्रतिबन्धजस्तै थियो । सेना वा प्रहरीले देख्यो भने लामै केरकार चल्थ्यो । सुरक्षाकै कारण अस्पतालमा बिरामी ल्याउनधरि समस्या पर्न थालिसकेको थियो । बिरामी सिकिस्त छ भने प्रहरीलाई खबर गरेर उनीहरूकै निगरानीमा अस्पताल ल्याउनुपर्थ्यो । यस्तो नियमले कतिपय बच्चाको जन्मनै नपाई मृत्यु भएका उदाहरण छन् । (पौडेल, २०७०, पृ. ४९)

यो वा त्यो रूपमा हुने प्रचार र आशंकाले जनता त्रासमा बाँच्नुपरेको नियतिलाई अभिव्यक्त गरिएको पाइन्छ । उपचार गराउन लैजाँदा पनि अनुमति लिनुपर्ने, अकालमा बिरामीको मृत्यु भोल्नुपर्ने जस्ता कटु यथार्थलाई प्रस्तुत गरिएको पाइन्छ । जनताले भोगेको अभिघात कृतिमा सजीव रूपमा आएको देख्न सकिन्छ ।

## कर्मचारीले भोगेको अभिघात

प्रस्तुत कृतिमा द्वन्द्वकालीन समयमा सबै क्षेत्रका मानिसहरू भय र त्रासमा बाँचेजस्तै सरकारी कर्मचारीहरू पनि त्रसित हुनुपरेको यथार्थलाई प्रकाश पारिएको छ । सरकारको नुन खाएका नाताले

माओवादीहरूले सरकारी कर्मचारीलाई पनि तारो बनाएको अवस्थाको प्रस्तुति पनि यहाँ देख्न सकिन्छ । दुर्गम क्षेत्रमा सरकारी कार्यालय तथा बैंकको जिम्मा लिई बसेका कर्मचारीहरूको जीवन असुरक्षित रहेको कुरालाई पनि सान्दर्भिक रूपमा प्रकाश पारिएको छ । धर्मराज रावलको घर भाडामा लिई बसेको वाणिज्य बैंकमा माओवादीले आक्रमण गरेको र सिलवाल डरले कापेको सन्दर्भ अनि सिडिओको मृत्यु भएको घटनाले कर्मचारीहरूको मनोबल नै गिरेको त्रासदीय अवस्थालाई सङ्केत गरिएको पाइन्छ । सिडिओ कार्यालय तथा अन्य सरकारी अफिसहरूमा भएको आगजनी तथा आक्रमणले उक्त कुरालाई बुझ्न सकिन्छ ।

> रातको हमलामा बाँचेका सैनिक र प्रहरीले घरका छतबाट शवहरू भुइँमा ओसार्न थाले । खुट्टामा डोरी बाँधेर घिसार्दै ल्याइएका थिए । बच्चाले खेलौना घिसारेझैँ देखिएको थियो । कुनै शव तन्नामा बेरेर ल्याए भने कुनै बिरामी बोक्ने स्ट्रेचरमा भ्याइँकुटी पार्दै । हिजो सँगै खाजा खाएको सिडिओ र डिएसपी पनि बाँच्नुभएनछ । (पौडेल, २०७०, पृ. ७८)

आक्रमणपछि मानिसलाई उपचार गराउन र शवको व्यवस्थापन गर्दाको झलक प्रस्तुत गरिएको छ । आक्रमणको तारो बनेका उच्चपदस्थ कर्मचारीहरू मात्र नभई सबै कर्मचारीहरूले भोगेको सन्त्रासको अवस्थालाई प्रकाश पार्ने काम मसिनो गरी गरिएको छ । मानिसले बाँच्नको लागि कुनै न कुनै जुक्ति निकाल्नुपर्ने अवस्थालाई यसरी सङ्केत गरिएको छ :

> हामीले एकपछि अर्को नयाँ खबर सुनिरहेका थियौँ । तनहुँका एक ओभरसियरको जुम्ला जिल्ला विकासमा दरबन्दी रहेछ । उनी अध्ययन बिदाको कागज मिलाउन मात्रै आएका रहेछन् । राति पल्लो घर (पाहुनाघर) मा सुतेका थिए । एक्लै परेछन् । नयाँ ठाउँ, त्यसमाथि भीषण माओवादी हमला । उनको सातो गएछ । रातभरि घरको खाटमुनि बिताएछन् । (पौडेल, २०७०, पृ. ९१)

कर्मचारी भएकै भरमा तारो बन्नुपर्ने अवस्थाको मार्मिक प्रसङ्गलाई कृतिमा समेटिएको पाइन्छ । डेरामा एक्लै पर्दा निसासिएर ज्यान जोगाउनुपरेको भयभीत अवस्थाको चित्रण मार्मिक रूपमा गरिएको छ । भय र त्रासको मनोदशाको सघन विश्लेषण गर्ने काम यहाँ भएको छ :

> माओवादीको हुलमा एक जना महिला पनि थिइन् । सिलवालजीले उनै महिलातिर फर्केर थरथर काप्दै हात जोडेर भन्नुभयो, 'प्लिज बहिनी, भएको सारा पैसा यत्ति हो । सबै अफिसमा तलब खाने बेला भएकाले बाँडेर भ्याइयो । हजुरजस्तै मेरो छोरी छन् । त्यही छोरीलाई पाल्न जागिर खाएको ।' ( पौडेल, २०७०, पृ. १०१)

मानिसले आफ्नो ज्यान बचाउनका लागि अनेक आग्रह गर्छ भन्ने कुरा सिलवालको अनुग्रहबाट स्पष्ट हुन्छ । बाँच्नका लागि गरिएको आग्रहको कुनै लेखो र मूल्य नभएको सन्दर्भलाई पनि स्वाभाविक पाराले प्रस्तुत गरिएको छ । जनधनको सुरक्षा गर्नुपर्ने अनि आफ्नै ज्यान धरापमा राखेर काम गर्नुपर्दाको पीडादायी अवस्थाको चित्रणलाई हेर्दा कर्मचारी वर्गले भोगेको अभिघात सशक्त बनेर आएको पाइन्छ ।

### सेना प्रहरीले भोगेको अभिघात

द्वन्द्वको समयमा सेना र प्रहरी पनि त्रसित रूपमा बाँच्नुपरेको अवस्थाको चित्रण यस कृतिमा पाइन्छ । सेना र प्रहरीका परिवारसमेत त्रासमा बाँच्नुपरेको यथार्थलाई कृतिमा व्यक्त गरिएको छ । खलंगाको

हमलालाई प्रतिनिधि घटनाका रूपमा लिएर त्यस समयमा राज्यको सुरक्षामा खटिएका सेना तथा प्रहरीहरू प्रताडित भएर बाँच्नुपरेको मर्मलाई राम्ररी प्रकाश पारिएको छ । यस क्रममा अभिघातको अवस्था सघन रूपमा चित्रण भएको पाइन्छ । सेना र प्रहरीमा जागिर खाएका नाताले माओवादीको तारो बन्नुपरेको अवस्था र मानसिकतालाई सूक्ष्म रूपमा विश्लेषण गरिएको पाइन्छ । खलंगाको हमलामा धेरै सैनिक र प्रहरीले ज्यानगुमाउनुपरेको अवस्थालाई अध्ययनगर्दा अभिघात चेतना प्रबल रूपमा देखिएको पाइन्छ । “माओवादी आक्रमणकारी वरिपरि कतै दखिएनन् । ब्यारेकतिर हेरेँ । युनिफर्म लगाएका सैनिक बन्दुक बोकेर थकित मुद्रामा लुखुरलुखुर हिँडिरहेका थिए । केही प्रहरी पनि देखिए । गलेका । होसहवास गुमाएका” (पौडेल, २०७०, पृ. ७४) । सैनिक र प्रहरीमा समेत ऊर्जा हराएको अवस्थालाई प्रकाश पारिएको छ । राज्यको सुरक्षामा खटिएकाहरू पनि असुरक्षित रहेको यथार्थ अवस्थाको प्रस्तुति आत्मकथामा पाइन्छ । भय र त्रासको वातावरणमा बाँच्न विवश सैनिक र प्रहरीको वास्तविकतालाई चित्रण गरिएकाले यस कृतिमा अभिघात प्रबल बनेको पाइन्छ । माओवादीहरूले वाकीटाकीबाट सुराकी गरी उच्च पदस्थ प्रहरीलाई मारेको प्रकरणलाई यसरी प्रकाश पारिएको छ :

> त्यहाँबाट सिडिओ कार्यालय र सैनिक ब्यारेक हान्दै अञ्चल प्रहरी कार्यालयमा हमला गरेछन् । प्रहरीले ‘लड्न सक्दैनौँ’ भनेपछि सेनाले डिएसपी बिजेश्वर घिमिरेलाई ब्यारेकमै बोलाएका थिए रे । उहाँलाई विज्ञान शिक्षा तालिम हलको बाटो हुँदै ब्यारेक आउन भनिएको थियो रे । कारागारबाट वाकीटकी लिएर हिँडेका माओवादीले सुइँको पाइहालेछन् । डिएसपीलाई पासोमा पार्नेगरी जुगाड खोलाछेउको विज्ञान शिक्षा तालिम हलमा बम हानेछन् । (पौडेल, २०७०, पृ. ८२) ।

मओवादी युद्धको पराकाष्ठाको झलक यस कृतिमा पाइन्छ । यस्ता घटना र प्रकरणहरूलाई हेर्दा सैनिक र प्रहरीहरू नै जीवन जोखिममा राखेर खट्नुपर्ने अवस्थाबाट उनीहरू अभिघातको चोट सहेर बाँच्नुपरेको र कतिले मृत्युवरण गर्नुपरेको अवस्था देख्न सकिन्छ । “डिएसपी बिजेश्वरको शवको टुक्रा भेटिएको घटनाले मलाई व्याकुल बनायो । उहाँले आफ्नो सेटमा ‘म वसन्ती होटलको बाटो आउँदै छु ’ भन्नुभएको थियो रे । यही सुनेपछि आक्रमणकारीहरूले उहाँलाई नै ताकेर विज्ञान शिक्षा भवनमा बम हानेका रहेछन्” (पौडेल, २०७०, पृ. ८९) । आपसमा मर्ने र मार्ने क्रूर युद्धको भुमरीमा परेका मानिसको दुःखद अन्त्यको पीडालाई प्रकाश पार्ने काम गरिएको छ । उक्त आक्रमणमा बाँच्नका लागि बंकरभित्र छिरेका सिडिओ धुवाँले निसास्सिएर उनको दुःखद मृत्यु भएको त्रासदीय अवस्थाको चित्रण यसरी गरिएको छ :

> आक्रमणकारीहरू एकैचोटि सिडिओ कार्यालयमाथि उक्लिन थालेपछि मात्र हामीले हमला भएको थाहा पायौँ । तल फाँटभरि टन्न माओवादी आएर सिडिओ कार्यालय घेरिसकेका रहेछन् । हाम्रा साथीहरू गुल्मतिरबाट फायरिङ गरिरहेका थिए । मैले साहबलाई बिन्ती गरेँ, ‘अब हामी लड्न सक्दैनौँ भागौँ’ उहाँ अलि आत्तिनुभएको थियो । अब के गर्ने भनेर छट्पटिनुभएको थियो । मैले फेरि बिन्ती गरेँ, ‘साहब जे होलाहोला अहिले यहाँबाट निस्किहालौँ ।’ उहाँले ‘तिमीहरू जाऊ म यहीँ बंकरभित्र पस्छु’ भन्नुभयो र तुरुन्तै बंकरभित्र छिर्नुभयो । (पौडेल, २०७०, पृ. ९५)

सिडिओको उक्त बंकरभित्रै मृत्यु भएको त्रासदीय अवस्थालाई अध्ययनगर्दा अभिघातको अवस्था चुलिन पुगेको देखिन्छ । वास्तवमा जीवनको मूल्यलाई बाजी थापेर लड्नुपर्ने युद्धले के दियो र ? भन्ने मर्म पनि यहाँ बुझ्न सकिन्छ । माओवादीको सिकार हुनबाट बँचेको सिडिओको सुरक्षागार्डले भोगेको त्रासदीय अवस्थालाई यसरी व्यक्त गरिएको छ :

> माओवादीको सिकार हुनबाट बचेर उनी नजिकको घरमा पुगेछन् । ढोका जोडसँग हिर्काएछन् । पहिले त ढोका खोलिदिन कोही आएन रे । उनले लगातार हानेको हान्यै गरेपछि एकजना मान्छे डराईडराई ढोका खोल्न आएछ । अनि रातभरि त्यही घरमा बसेर ज्यान जोगाएछन् ।
>
> आफू बाँचेको खबर सुनाउँदा उनी खुसीभन्दा बढी भावुक भइरहेका थिए । आँखा रसाएका थिए । (पौडेल, २०७०, पृ. ९६)

सैनिक तथा प्रहरीहरूको पीडा र भयलाई कृतिमा राम्ररी चित्रण गरिएको पाइन्छ । आफ्नो सुरक्षाका लागि आफै निर्णय लिनुपर्ने अवस्थाको तस्बिर यहाँ देखिन्छ । सशस्त्र सङ्घर्षले पारेको घाउलाई अभिव्यक्ति दिने क्रममा अभिघात सबल बनेर आएको पाइन्छ । राज्यको तर्फबाट सुरक्षा दिनेहरूकै सुरक्षा नभएको यथार्थका साथमा मृत्यको भय र आफ्नै आँखा अगाडि साथी र अग्रजलाई गुमाउनुको पीडा सजीव रूपमा व्यक्त हुनुले सेना तथा प्रहरीले भोगेको अभिघातलाई बुझ्न सकिन्छ ।

## माओवादीले भोगेको अभिघात

माओवादी सशस्त्र सङ्घर्षको समयमा सरकारी पक्षबाट धेरै मानिसहरूलाई माओवादीको आशंकामा यातना दिई मारिएको घटना र प्रकरण पनि यस कृतिमा प्रस्तुत भएको पाइन्छ । कर्णाली क्षेत्रलाई आधार इलाका बनाएका माओवादीहरू लडाइँका क्रममा क्षतविक्षत भई घाइते हुनुका साथै मारिन पुगेको अवस्थालाई कृतिमा उल्लेख गरिएको पाइन्छ । युद्धका क्रममा सँगैको साथी गुमाउनुपर्दाको पीडा अनि आफ्ना परिवारलाई राज्यपक्षले डर तथा धम्की दिएको घटनालाई हेर्दा माओवादी पक्षका मानिसहरू पनि अभिघातित भएको देखिन्छ । मनमा पीडा भए तापनि साथीको शवलाई कतै खाल्डो खनेर पुर्ने वा खोलाको बगरमा अलपत्र छाडेर हिँड्नुको नियतिलाई पनि यहाँ सङ्केत गरिएको छ । युद्धमा सरकारी पक्षबाट मारिएका माओवादीको अस्थालाई स्वयं मपात्रले अवलोकन गरेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> हामी गुर्र नजिक गयौँ । केही साथी ‘घिन लाग्छ’ भन्दै परै बसे । मेरो हातमा सानो लौरो थियो । त्यही लौरोले चलाएँ । केटा मान्छेको शव रहेछ । २५ वर्षभन्दा कमै उमेरको होला । निलो ट्र्याकसुट लगाएको । खुट्टामा कपडाको खैरो जुत्ता जस्ताको तस्तै । रक्तअल्पताको बिरामीजस्तो । ज्यान फुस्रो भइसकेछ । आँखा चिम्लिएको थियो । पातलो छाला हाडमै टाँसिएको । छाती र टाउकोमा सानो सानो प्वाल देखेँ । (पौडेल, २०७०, पृ. ५)

मानिसको जीवनको मूल्य तिल बराबर पनि नभएको कुराले लेखक स्वयंलाई चिन्तित बनाएको देखिन्छ । मारिएका शवहरूलाई नदीका किनारामा अलपत्र रूपमा गाडिएको घटनाका साथमा भयभीत मृत्यु भोगेका ती माओवादी लडाकुहरू अभिघातको नियति भोग्न बाध्य भएको सन्दर्भलाई सान्दर्भिक रूपमा प्रस्तुत गरिएको पाइन्छ । माओवादी आक्रमणका क्रममा युद्धमा मारिएका लडाकुहरूलाई खाल्डो खनेर पुर्ने वा नदी किनारमा गाडेर छाड्ने गरेको र पछिबाट हेर्दा वीभत्समय देखिएको अवस्थालाई यसरी चित्रण गरिएको छ :

कसको छोरा हो ? कसको लोग्ने हो ? कसको बाबु हो ? केही थाहा छैन । चार महिनादेखि तिला नदीमा त्यत्तिकै लडिरह्यो । हान्नेले त ड्यांग गोली हान्दियो, कर्तव्य गरैं भन्ठान्यो, सक्किहाल्यो । सँगै आएकाले पनि बचाउने प्रयासधरि गरेन ज्यान कति सस्तो भएको ? प्राण अड्किएको छ कि छैन पनि हेरेन होला कसैले । (पौडेल, २०७०, पृ. ६)

मृत्युवरण गरेका माओवादी लडाकुको नियति र वीभत्स अवस्थाबाट अभिघातको सजीव प्रस्तुति देख्न सकिन्छ । अकस्मात मृत्युका मुखमा गएको वा घाइते भएको आफ्नै साथीलाई गुमाएका माओवादी लडाकुले भोगेको पीडापूर्ण चोटलाई यस कृतिमा चित्रण गरिएको पाइन्छ । निर्मम रूपमा मानिसलाई मार्ने युद्धको ताण्डव प्रकृतिलाई कृतिमा उल्लेख गरिएको छ । मानिसको मूल्यलाई बोध नगर्ने निर्मम चरित्रको प्रवृत्तिलाई पनि चित्रण गरिएको पाइन्छ । मारिएको लडाकुको अवस्थाप्रति मपात्र संवेदनशील भएको अवस्थाको प्रस्तुति यसरी भएको पाइन्छ :

बारुदले सल्किएको साथीलाई च्याप्प समात्यो, नदीमा मिल्कायो बाटो लाग्यो । तुरुन्तै सास गएको भए त ठिकै थियो । नभए यो अन्कन्टारमा कति दिन, कति रात तड्पियो होला ? सुकेको स्वर बल्लबल्ल तानेर कसरी मान्छे गुहाऱ्यो होला ? कसैले आवाज नसुन्दा कति आत्तियो हो ? परिवार सम्झेर कति रात आँसु बगायो होला ? (पौडेल, २०७०, पृ. ६-७)

युद्धमा होमिएका योद्धाहरूको कारुणिक अन्त्यले त्रासदीय अवस्था भोग्नुपरेको नियतिलाई यस आत्मकथामा झल्काएको पाइन्छ । मानवीय संवेदना भावका साथमा लेखकको संवेदनायुक्त विचार पनि यहाँ व्यक्त भएको पाइन्छ । मूल्यहीन जीवनमा बेवारिसे मृत्यु भोग्नुपर्ने नियतिलाई मसिनो गरी प्रकाश पारिएको छ । "अरु आक्रमणमा भन्दा माओवादीतर्फ बढी क्षतिभएको खबर पनि आएको थियो । माओवादीले सबभन्दा लामो समय भीडन्त गरेको र धेरै गुमाउनुपरेको ठाउँ जुम्लै हो भन्ने सुनियो" (पौडेल, २०७०, पृ. ९१) । जुम्लाको आक्रमणमा माओवादीतर्फ ज्यादा क्षति हुनगई उनीहरू अभिघात भोग्न बाध्य भएको मर्म यहाँ व्यक्त भएको छ । माओवादी पक्षका मानिसहरूलाई राज्यले टाउकाको मूल्य तोकेको र भेटेमा गोली हान्ने निर्देशनले माओवादीलाई भयभीत बनाएको अवस्थालाई पनि प्रकाश पारिएको छ ।

### जुम्लाले भोगेको अभिघात

प्रस्तुत कृतिमा सिङ्गो कर्णालीले भोगेको पीडा, अभाव र गरिबीको मार्मिक चित्रण प्रस्तुत गरिएको पाइन्छ । भोक, रोग, अशिक्षा र विपन्नताले पिल्सिएका जुम्लीहरू राज्यबाट अधिकारबिहीन बन्न गई अभिघातित बनेका देखिन्छन् । सिङ्गो कर्णालीको दुःखलाई राम्ररी छाम्ने काम लेखकले गरेकी छन् । त्यसमाथि द्वन्द्वको घाउको पीडा र प्रहार पनि कर्णालीमै केन्द्रित रहनुले सिङ्गो भूगोल नै अभिघातको सिकार भएको पाइन्छ । एकसरो लाउन र दुई छाक राम्ररी खान नपाएर ख्याउटी परेका अनुहारको वर्णनमा कारुणिकता र मर्म व्यक्त भएको पाइन्छ । 'हामीभन्दा गरिब मानिसहरू जुम्लामा बस्छन्' भन्ने बाबाको कुराले पनि जुम्लाको दुःख र विपन्नतालाई झल्काएको पाइन्छ । यस कृतिमा जुम्ला भौगोलिक र राज्यबाट समेत ठगिएको कुरालाई जोड दिइएको पाइन्छ । त्यसमाथि सदरमुकाममा भएको भीषण आक्रमणबाट सिङ्गो जुम्ला नै प्रताडित बनेको सन्दर्भबाट यस कृतिमा अभिघात प्रबल बनेको पाइन्छ । कर्णालीको विकटतालाई आत्मकथामा यसरी चित्रण गरिएको छ :

कर्णालीका जिल्ला जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालिकोट नाम आउने बित्तिकै गरिबी र दुर्गमजस्ता विशेषणहरू जोडिएर आइहाल्छन् । अखबारमा पनि प्रायः नराम्रै खबर छापिन्छ । कहिले खाद्यान्न अभावले घेरेको हुन्छ । कहिले झाडापखालाले मान्छे मरिरहेका हुन्छन् । भाइरल इन्फ्लुएन्जाको प्रकोप यहीँ छ । वर्षेनी सयौँ व्यक्ति काम खोज्न भारत छिर्नुपर्ने बाध्यता पनि यहीँ छ । (पौडेल, २०७०, पृ. २०)

जुम्लाको नियति र राज्यबाट थिचिनुको पीडालाई यस कृतिमा मार्मिक रूपमा प्रकाश पारिएको छ । सधैँ भोक, रोग, गरिबी र विपन्नताको सीमान्तीकृत जीवन व्यतीत गर्न विवश जुम्लीहरू अभिघातको चोट सहन बाध्य भएको कुरालाई लेखकद्वारा महत्त्व दिइएको पाइन्छ । राज्यको उदासीनताका कारण पनि उनीहरू पीडा भोग्न विवश बनेको मर्म यहाँ मुखरित भएको छ :

जातकै आधारमा 'पोसिएका' र 'ठगिएका' भनी वर्गीकरण गर्नेले एकचोटि जुम्ला गएर हेरेहुन्छ । यहाँ सुविधाबाट ठगिएका जम्मै दलित वा कथित तल्लो जातका छैनन् । माथिल्लो जात र राज्य स्रोतबाट पोसिएको भनिएका बाहुन, क्षेत्री पनि थुप्रै छन्, जो पेट भर्ने गाँस र आङ ढाक्ने एकसरो धागोका निम्ति रगत पसिना बगाउँछन् । (पौडेल, २०७०, पृ. ३३)

उच्च जातका भनिएका बाहुन र क्षेत्रीहरूको अवस्था पनि दयनीय र पीडादायी रहेको विचार लेखकको पाइन्छ । जुम्ला गएर नोट फलाएर आउने मानसिकताको मनोवृत्तिलाई राज्यलाई समृद्ध बनाउने जुम्ला स्वयं हेपिएर, थिचिएर पिल्सिएर बसेको स्वीकार लेखकले गरेकी छन् । जुम्लाको यथार्थ नियतिलाई कृतिमा यसरी प्रकाश पारिएको छ :

सिंगै जुम्ला उपत्यका मेरो आँखा सामुन्ने थियो । अशिक्षा, गरिबी, असमानता र द्वन्द्वका घाउले रन्थनिएर बसेको मेरो प्यारो जुम्ला । कहिलेसम्म पोलिरहने हो उसलाई, यो घाउले ? किन खोज्दैनन् कोही, यो घाउको ओखती ? म नर्स हुँ, तै मेरो ल्याकत छैन । भइदिए त भर्खरै निको पार्दिन्थेँ । मलाई पनि त दुखिरहेको छ उसको घाउ । तर, ओखती भएका डाक्टर साबहरू किन चुपचाप ? के उनीहरूको मनमा जुम्ला दुख्दैन ? (पौडेल, २०७०, पृ. १०७)

नीति निर्माणका तहमा बस्नेहरूका घैँटामा घाम नलागेको अवस्थाको चित्रण माथिको गद्यांशमा पाइन्छ । अभाव र गरिबीको पीडा भोगेको कर्णालीमा उच्च भनिएका जातको पनि दयनीय अवस्थालाई प्रकाश पारिएको छ । लेखकका बाबा धेरै समयपछि जुम्ला जाँदा पनि उठ्न नसकेको त्यहाँको अवस्थालाई यस कृतिमा झल्काइएको छ । इतिहासदेखि नै अभाव र गरिबीको मारमा परेको जुम्लाको दुःख र विवशतालाई यहाँ प्रकाश पारिएकाले अभिघात चेतना मुखरित भएको पाइन्छ । राजनीतिक क्षेत्रमा व्यापक परिवर्तन आउँदा पनि जुम्लीहरूको अवस्थामा कुनै सुधार नआएको दृष्टान्तद्वारा सिङ्गो कर्णालीको दशालाई प्रतिबिम्बित गरिएको पाइन्छ ।

खलंगा बजार घुम्दा जति रमाउनुभएको थियो, गाउँ डुल्न थालेपछि भने उति नै दुःखी हुनुभयो बा । उस्तै नांगा केटाकेटी । चिसोले पट्पटी फुटेका हातगोडा । ननुहाएर लट्टा परेका कपाल । नाकबाट तर्र बगिरहेको बाक्लो सिँगान । ओठ र गालाभरि कक्रक्क सिँगानको टाटा । थोत्रा घर । जता हेर्‍यो

माखा भन्किने फोहोर । बोल्न नजान्ने, जाने पनि अपरिचितसामु आउनै धकाउने महिलाहरू । (पौडेल, २०७०, पृ. १३४)

राज्य पक्षले परिवर्तन भएको भनेर तथ्याङ्क प्रस्तुत गरे पनि जुम्लीहरूको अवस्थामा सुधार नआएको मार्मिक चित्र यस आत्मकथामा प्रस्तुत गरिएको छ । दुःख र पीडाको पोखरीमा डुबेको कर्णाली र अझ जुम्लाप्रतिको लेखकको सहानुभूति व्यक्त भएको पाइन्छ । यस कृतिमा जुम्लाको प्रेम असीम बनेर आएको पाइन्छ । लेखकले आम नेपालीहरूको जीवनस्तर उकास्न कुनै अनुकरणीय कार्य नभएको यथार्थलाई सङ्केत गरी देशको वास्तविक अवस्थाको पहिचान गर्न कर्णालीका गाउँमा जानुपर्ने कुरा झल्काएकी छन् । यस्ता विविध प्रसङ्गबाट प्रस्तुत आत्मकथामा अभिघातको अवस्था सशक्त रूपमा आएको स्पष्ट हुन्छ ।

## निष्कर्ष

राधा पौडेल पेसाले नर्स हुन् । नर्सका रूपमा सेवा गर्ने सिलसिलामा उनले विकट मानिएको जुम्लालाई आफ्नो कार्यक्षेत्र बनाएकी छन् । यसै क्रममा जुम्लाको भोक, रोग र गरिबीलाई नजिकबाट छाम्न पुगेकी हुन् । त्यही सिलसिलामा जुम्लाको सदरमुकाम खलंगामा भएको माओवादी आक्रमणको त्रासदीय अवस्थालाई लेखक आफैले भोगेकी हुन् । त्यही भोगाइलाई जीवन्तता दिन उनले आत्मकथा लेखेको पाइन्छ । सुरु र अन्त्यसहित एघारवटा शीर्षकमा विषयलाई प्रस्तुत गरिएको छ । आफैले देखेको र भोगेको यथार्थलाई दैनिकीका ढाँचामा प्रस्तुत गरी खलङ्गामा भएको हमलाको यथार्थ तस्बिर उतार्ने काम गरिएको छ । बाल्यकालमा आफ्ना बुबाबाट सुनेको जुम्लाको कथा अनि आफू स्वयंले लामो सेवा पुऱ्याएपछि पनि सुधार हुन नसकेको जुम्लाको अवस्थाको सजीव चित्रण यस कृतिमा पाइन्छ । सरकारी कर्मचारी, सुगम क्षेत्रमा बस्नेहरूको मनोविज्ञान, जुम्ली जनता र अझ विशेष गरी महिलाहरूको अवस्थालाई यस कृतिमा मसिनो गरी चिरफार गरिएको पाइन्छ । द्वन्द्वको पीडादायी कथालाई केन्द्रबिन्दु बनाएर विषयलाई प्रतिपादन गरिएको छ । द्वन्द्वका समयमा सरकारी र माओवादी पक्षबाट दोहोरो मारमा पिल्सिएका नागरिकहरूको पीडालाई यथार्थका आँखाले विश्लेषण गरिएको छ । खलंगाको हमलामा मारिएका व्यक्तिहरू, गरिबी, सामाजिक विभेद र अन्यायमा तड्पिएर पलपल मरिरहेकाहरूप्रति यस कृतिलाई समर्पित गर्नुले अभिघातजन्य जीवन बाँचेकाहरूप्रति सहानुभूतिभाव प्रकट भएको पाइन्छ ।

प्रस्तुत कृति डायरीको शैलीमा लेखिएको छ । *खलंगामा हमला* शीर्षकले नै युद्धजन्य प्रहार र त्यसले सिर्जना गरेको अभिघातलाई सङ्केत गरेको पाइन्छ । भित्रका सन्दर्भ र पात्रहरूका भोगाइलाई हेर्दा अभिघातको पाटो सघन बनेर आएको पाइन्छ । जुम्ला तथा सिङ्गो कर्णालीले भोगेको प्रतिकूल जीवनलाई अध्ययन गर्दा सीमान्तीकृत जीवन बाँचेको सिङ्गो भूगोल नै अभिघातित बनेको अवस्था कृतिमा पाइन्छ । यससँगै माओवादी सशस्त्र द्वन्द्व र त्यसले सिर्जना गरेको त्रासमय परिवेशलाई सजीव रूपमा उतारिएको छ । प्रस्तुत कृतिमा भयको मनोविज्ञान पनि सघन रूपमा आएको पाइन्छ । लेखक बसेको घरपरिवेश, खलंगाको अवस्थिति, कार्यालयहरू, बजारको वस्तुस्थिति आदिको चित्रणका साथमा युद्धको सन्त्रासमय रातमा भोगे-देखेका कल्पना गरेका कुराहरूमा अभिघात सघन रूपमा मुखरित भएको पाइन्छ । लेखक, उनका साथीहरू, घरपरिवार, सरकारी कर्मचारी, सेना-प्रहरी, माओवादी सबै पक्षले भय र त्रासमा जीवन बिताएको कुरालाई महत्त्वका साथ प्रकाश पारिएको छ । लेखक आफू तटस्थ रहेर घटनालाई प्रस्तुत गरेको देख्न सकिन्छ ।

युद्धरत दुवै पक्षको अचानोमा जनता, सरकारी कर्मचारी, सामाजिक सेवामा लागेका व्यक्तिहरू परेको मर्मका साथमा अभिघात निम्त्याउने कडीका रूपमा सशस्त्र सङ्घर्षलाई मानिएको पाइन्छ । अपार सम्भावनाका स्रोतहरू भएर पनि सधैँ ठगिएको जुम्लाप्रति लेखकको विशेष सहानुभूति प्रकट भएको पाइन्छ । जो मरे पनि, जो मारिए पनि नेपाली नै मारिएको र तिनका आफन्त अनि आम जनताले अभिघात भोग्न विवश बनेको कुरा नै कृतिको केन्द्र भागमा रहेको पाइन्छ । यी विविध पक्षहरूलाई साक्ष्यका रूपमा राखेर हेर्दा खलंगामा हमला कृतिमा अभिघात चेतना चुलिन पुगेको देखिन्छ ।

## सन्दर्भसूची


उप्रेती, सञ्जीव (२०६८). *सद्धान्तका कुरा.*अक्षर क्रियसन्स नेपाल ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.*ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृतिविश्लेषणका पद्धति रप्रारूप'*भृकुटी* (पूर्णङ्क १०, माघ,फागुन, चैत २०६७) पृ. ३८४- ३९८ ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, एकनारायण (२०७०) *समालोचनाका स्वरूप र पद्धति.*विमर्श नेपाल ।

पौडेल, राधा (२०७०). *खलंगामा हमला.* पब्लिकेसन नेपालय ।

पन्थ, टंकप्रसाद (२०७७) *विश्वेश्वरप्रसाद कोइराला कृति र प्रवृत्ति.* धवल पुस्तकालय पाल्पा ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* क्वेस्ट पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०६८). *नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* पाठ्य सामग्री   प्रकाशन ।